समाज कल्याण परिषद्

**साधारण सम्झौता तथा सेवा सुविधा सम्बन्धी निर्देशिका २०७१**

प्रथम संशोधन- २०७३

| क्र.स | नियम र उप-नियम | साविकको व्यवस्था | संशोधन | संशोधनको पुष्ट्याईं |
|---|---|---|---|---|
| १ | ४ (घ) संशोधनः | आर्थिक प्रतिवद्धता न्यूनतम् यु.एस.डलर एक लाख प्रति वर्ष | ४ (घ) संशोधनः<br>आर्थिक प्रतिवद्धता न्यूनतम् अमेरिकी डलर दुई लाख प्रति बर्ष । | अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको संख्यामा गुणात्मक वृद्धिलाई प्रोत्साहन गर्न बाँन्छनिय देखिएको तथा महिला वालवालिका तथा समाज कल्याण मन्त्रालयवाट पनि सुझाव प्राप्त भएको । |
| २ | ५ (क) संशोधनः | देशिय प्रतिनिधिको हकमा कम्तिमा स्नातक तह र विदेशी विशेषज्ञको हकमा कम्तिमा स्नाकोत्तर उर्तिण गरेको हुनु पर्नेछ । | ५ (क) संशोधनः<br>देशिय प्रतिनिधिको हकमा कम्तिमा स्नातक तह र विदेशी विशेषज्ञको हकमा कम्तिमा स्नाकोत्तर तह उर्तिण गरेको हुनु पर्नेछ । तर निर्देशिका जारी हुनु अगावै कार्यरत देशिय प्रतिनिधिको सेवा नविकरणको हकमा यो लागु हुने छैन । | निर्देशिका जारी नहुदै निरन्तर नेपालमा देशिय प्रतिनिधित्व गरि रहेका देशिय प्रतिनिधीलाई आवश्यकता अनुसार निरन्तरता दिन । |
| ३ | ५ (ङ) संशोधनः | कुनै पनि राष्ट्रको कानूनले दोषी करार नगरेको हुनु पर्ने | ५ (ङ) संशोधनः<br>कुनै पनि कानूनले दोषी करार नगरेको हुनु पर्ने । | कार्यान्वयनमा समस्या देखिएको र नियममा प्रष्ट पार्न अपरिहार्य भएकोले । |
| ४ | १० थप गर्ने | १० थप गर्ने | १० थप गर्नेः<br>परिषद् कार्यालयले अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासंग साधारण सम्झौता गर्दा अमेरिकी डलर एक हजार र नविकरण गर्दा अमेरिकी डलर पाँच सय वरावरको परिवर्तित नेपाली रुपैञाँ आवेदन शुल्क वापत लिनेछ । | अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको गुणात्मक आगमनलाई प्रोत्साहन गर्न आवश्यक भएको तथा अनुगमन मूल्याँकन गर्न तथा परिषद्को संस्थागत सुदृढिकरण गर्न आवश्यक रकम साझा कोषमा जम्मा गर्ने व्यवस्था मिलाउन आवश्यक भएकोले । |
| ५ | ११ संसोधन : | समाज कल्याण नियमावली २०४९ को दफा १९ वमोजिम र परिषद्संग भएको साधारण एवं कार्यक्रम सम्झौतामा भएको प्रावधान अनुसार अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्थामा आउने देशीय प्रतिनिधि तथा विदेशी विशेषज्ञहरुले सेवा सहमति एवं गैह्र पर्यटकीय प्रवेशाज्ञा प्राप्त गर्ने प्रकृयाहरु तपशिल वमोजिम रहेका छन् । | ११ संसोधन :<br>परिषद् कार्यालयसंग भएका साधारण एवं कार्यक्रम सम्झौता वमोजिम् नेपालमा आउने देशीय प्रतिनिधि तथा विषेशज्ञलाई सेवा सहमति तथा नीज र नीजका परिवारलाई गैह्र पर्यटकीय प्रवेशाज्ञा प्राप्त गर्ने प्रकृयाहरु तपशिल वमोजिम रहेका छन् । यस्तो सेवा सुविधाका सम्वन्धमा साधारण सम्झौता भएको मितिले ६ महिना अवधि भित्र वा तोकिएको अवधि भित्र परियोजना सम्झौता नभए त्यस्ता संस्थाका देशिय प्रतिनिधिलाई यस्तो सुविधा सिफारिस गरिने छैन ।<br>प्रवेशाज्ञा सम्वन्धि व्यवस्था प्रचलित अध्यागन ऐन तथा | थप स्पष्टता र व्याख्याको आवश्यकता भएको र महिला वालवालिक तथा समाज कल्याण मन्त्रालयको सुझाव प्राप्त भएकोले । |

| | | | | |
|---|---|---|---|---|
| | | | नियमावली वमोजिम् हुने छ । | |
| ६ | ११ (क) १ संसोधन : | संस्थाको हेडक्वाटरवाट नियुक्ति गरेको पद र अवधि खुलेको नियुक्ति पत्र । | ११ (क) १ संसोधन :<br>संस्थाको प्रधान कार्यालयवाट जारि भएको अवधि खुलेको नियुक्ति पत्र । | स्पष्ट गर्न आवश्यक भएको । |
| ७ | १२ (१) संशोधनः | सम्वन्धित अन्तर्राष्ट्रिय गै.स.स.को साधारण सम्झौताको प्रतिलिपि, परियोजना सम्झौतामा कार्यक्रम उल्लेख भएको हुनु पर्नेछ । | १२ (१) संशोधनः<br>सम्वन्धित अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासंगको साधारण सम्झौताको प्रतिलिपि, परियोजना सम्झौतामा कार्यक्रम उल्लेख भएको हुनु पर्नेछ वा अन्तर्राष्ट्रिय स्तरको कार्यक्रम नेपालमा भएको (तालिम, कार्यशाला, गोष्ठि) हुनु पर्नेछ । | कार्यक्रम सम्झौतामा उल्लेख भएको वाहेक अन्तर्राष्ट्रिय स्तरका कार्यशाला, गोष्ठि नेपालमा आयोजना हुने भएकोले । |
| ८ | २० संशोधनः | भन्सार महशुल छुट सिफारिस, आयात ईजाजत, सवारी साधनको लिलाम प्रक्रिया, प्रवेशाज्ञाको सिफारिस, सैद्धान्तिक सहमतिको सिफारिस आदीका लागि सम्वन्धित संस्थाले सम्पूर्ण संलग्न कागजात सहित परिषद्मा निवेदन दिनु पर्ने छ । उक्त दर्ता भएको निवेदनमा तोक आदेश भई परिषद्को सेवा शाखावाट टिप्पणी पेश भई उपनिर्देशक र निर्देशक हुदै सदस्य सचिव स्तरीय निर्णय भए पश्चात सम्वन्धित सेवा शाखावाट महिला वालवालिका तथा समाज कल्याण मन्त्रालयमा सिफरिस पत्र चलानी गरि पठाईने छ । | २० संशोधनः<br>भन्सार महशुल छुट सिफारिस, आयात ईजाजत, सवारी साधनको लिलाम प्रक्रिया, प्रवेशाज्ञा, सैद्धान्तिक सहमति लगायतका सवै प्रकारका सिफारिस सम्वन्धि आवश्यक कागजात सहित परिषद् कार्यालयमा निवेदन प्राप्ति पछि विभाग मार्फत सदस्य सचिववाट स्वीकृत भए पछि सिफारिस गरिने छ । | स्पष्ट गर्न आवश्यक भएकोले । |
| ९ | नियम २३क थप गर्ने | थप गर्ने | नियम २३क थप गर्नेः<br>अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले परिषद् कार्यालयमा आवश्यक कागजात र विवरण सहित निवेदन पेश गर्दा संस्थाको छाप र अधिकार प्राप्त व्यक्तिको दस्तखत भएको हुनु पर्नेछ । | कागजातहरुको प्रमाणिकरण गर्न आवश्यक भएकोले । |
| १० | नियम २३ख थप गर्ने | थप गर्ने | नियम २ख थप गर्नेः<br>परिषद् कार्यालयमा प्रवेशाज्ञा, भन्सार छुट, परियोजना नविकरण, परियोजना संसोधन, साधारण सम्झौता नविकरण, संसोधन वा अन्य सिफारिस कार्यका लागि कागजात पेश गरिदा केन्द्रीय परियोजना सल्लाहकार समितिको वैठकको सवै भन्दा पछिल्लो वैठकको प्रतिलिपि पेश गर्नु पर्नेछ । | केन्द्रीय परियोजना सल्लाहकार समितिको वैठकको निर्णय परिषद्को अभिलेखमा संलग्न गर्न आवश्यक भएकोले । |